गाउँ कार्यपालिकाबाट स्वीकृत मिति: २०८३/०२/२२

# बारेकोट गाउँपालिकाको बजार केन्द्र (हाटबजार) सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि

# २०८३

बारेकोट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

लिम्सा, जाजरकोट

कर्णाली प्रदेश

**प्रस्तावना :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ ज (२) र दफा १०२ ले स्थानीय तहलाई बजार व्यवस्थापन सम्बन्धी कार्यविधि बनाउने अधिकार दिएको हुँदा तथा कृषि उपजहरूको सरल विक्री वितरण, सुरक्षित, सफा र स्वच्छ बजार प्रणालीको विकास गर्न आवश्यक भएकोले यसै बमोजिम नलगाड गाउँपालिकाको सम्बन्धित स्थलमा निर्माण गरिएको बजार केन्द्र (हाटबजार) व्यवस्थित गर्नका लागि यो कार्यविधि स्वीकृत गरी जारी गरिएको छ।

## परिच्छेद १ः प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भः

(क) यस कार्यविधिको नाम "बारेकोट गाउँपालिकाको बजार केन्द्र (हाटबजार) सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३" रहेको छ।

(ख) यो कार्यविधि बारेकोट गाउँपालिकाको कार्यपालिकाले स्वीकृत गरेको मितिले प्रारम्भ हुनेछ।

### २. परिभाषा (Definitions):

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "गाउँपालिका" भन्नाले बारेकोट गाउँपालिका सम्झनु पर्दछ।

(ख) "कार्यालय" भन्नाले न बारेकोट गाउँपालिकाको कार्यालय सम्झनु पर्दछ।

(ग) "वडा" भन्नाले बजार केन्द्र (हाटबजार) रहेको बारेकोट गाउँपालिकाको सम्बन्धित वडा सम्झनु पर्दछ।

(घ) "वडाध्यक्ष" भन्नाले सो वडाका वडाध्यक्षलाई सम्झनु पर्दछ।

(ङ) "सञ्चालन समिति" भन्नाले यस कार्यविधि बमोजिम बजार केन्द्रको व्यवस्थापनका लागि गठित समिति बुझ्नु पर्दछ।

(च) "बजार केन्द्र (हाटबजार)" भन्नाले भूकम्पबाट प्रभावित स्थानीय कृषक, उत्पादक तथा व्यापारीहरूलाई कृषि उपज, खाद्यान्न, तरकारी, फलफूल, पशुपंक्षी तथा अन्य स्थानीय उत्पादनहरूको विक्री वितरण गर्न सहज पुर्याउने उद्देश्यले स्थापना गरिएको भौतिक संरचना (भवन, स्टलहरू, खुला ठाउँ) र त्यसमा भएका उपकरणहरू समेतलाई बुझ्नु पर्दछ।

(छ) "उद्यमी" वा "व्यवसायी" भन्नाले बजार केन्द्रमा स्टल राखी कृषि वा गैर–कृषि जन्य सामग्रीको बिक्री वितरण गर्ने व्यक्ति वा समूह सम्झनु पर्दछ।

(ज) “स्टल” भन्नाले बजार केन्द्रभित्र उद्यमीले सामग्री राखी बिक्री गर्नका लागि तोकिएको स्थान सम्झनु पर्दछ।

(झ) “सेवा शुल्क” भन्नाले स्टल प्रयोग गरेवापत उद्यमीले सञ्चालन समितिलाई तिर्नु पर्ने रकम सम्झनु पर्दछ।

(ञ) “मर्मत सम्भार कोष” भन्नाले बजार केन्द्रको दिगो सञ्चालन, मर्मत सम्भार तथा स्तरोन्नतिका लागि स्थापना गरिने कोष सम्झनु पर्दछ।

(ट) “परियोजना” भन्नाले जापान सरकारको आर्थिक सहयोग, युएनडीपीको नेतृत्व तथा युएन ह्याविटयाटको सहकार्यमा सञ्चालित “जाजरकोट भूकम्पबाट प्रभावित क्षेत्रहरुमा जीविकोपार्जन सुधार र विपद् उत्थानशीलता सुदृढीकरण परियोजना” सम्झनु पर्दछ।

(ठ) “उद्यम शाखा” भन्नाले बारेकोट गाउँपालिकाको उद्यम विकास हेर्ने शाखा सम्झनु पर्दछ।

(ड) “कृषि शाखा” भन्नाले न बारेकोट गाउँपालिकाको कृषि तथा पशु विकास हेर्ने शाखा सम्झनु पर्दछ।

## परिच्छेद २ः बजार केन्द्र (हाटबजार) सञ्चालन समिति गठन र व्यवस्था

**३. बजार केन्द्र (हाटबजार) सञ्चालन समितिः**

(क) गाउँपालिका स्तरको संरचनाको रूपमा पालिकासँग समन्वय र स्वीकृति लिई परियोजनाबाट बजार केन्द्र निर्माण गरिएकोले यसलाई पालिका स्तरको संरचना मानिनेछ।

(ख) पालिकाले बजार केन्द्र निर्माण भएको वडालाई यसको सञ्चालन र व्यवस्थापनको जिम्मेवारी दिनेछ। पालिकाको उद्यम शाखाले यसका लागि आवश्यक सहजीकरण गर्नेछ।

(ग) सम्बन्धित वडाका वडाध्यक्षको संयोजकत्वमा बजार केन्द्र सञ्चालन समिति गठन गरिनेछ। सञ्चालन समितिमा निम्न पदाधिकारीहरू रहनेछन्:

- वडाध्यक्ष — संयोजक
- वडा सदस्य (महिला सदस्य) — सदस्य
- वडा सदस्य (पुरुष सदस्य) — सदस्य
- गाउँपालिका लेखा प्रमुख — सदस्य
- वडा सचिव — सदस्य

- उद्यम शाखा प्रमुख — सदस्य
- कृषि शाखा प्रमुख — सदस्य सचिव

(समितिको निर्णयअनुसार आवश्यक परेमा अन्य आमन्त्रित सदस्यहरू (जस्तैः सम्बन्धित सहकारी, उत्पादक समूहका प्रतिनिधि) पनि समावेश गर्न सकिनेछ।)

(घ) सञ्चालन समितिले हरेक महिनाको अन्तिम साता नियमित बैठक बस्नेछ। समितिले शुल्क संकलन, सरसफाइ, मर्मत सम्भार, कोष व्यवस्थापन तथा स्टल व्यवस्थापनको अनुगमन गर्नेछ, र पालिकालाई त्रैमासिक प्रगति प्रतिवेदन बुझाउनेछ।
(ङ) बजार केन्द्र व्यवस्थापन, रेखदेख, दीर्घकालीन सञ्चालन र संरक्षणको जिम्मा वडाको रहनेछ। वडाले आवश्यकता अनुसार सफाइ कर्मचारी तथा सुरक्षाको व्यवस्था गर्नेछ।

## परिच्छेद ३ः नियमित सञ्चालन तथा व्यवस्थापन

**४. बजार सञ्चालन व्यवस्थाः**

**(क) शुल्क व्यवस्थाः**

- नियमित रूपमा हाटमा स्टल राख्ने उद्यमीले मासिक रूपमा शुल्क तिर्नुपर्नेछ।
- कहिलेकाही मात्र स्टल राख्ने उद्यमीले हरेक पटक (दैनिक) शुल्क तिर्नुपर्नेछ।
- शुल्कको दर सञ्चालन समितिले तोके बमोजिम हुनेछ। शुल्क तिरी रसिद लिनु अनिवार्य हुनेछ।

**(ख) विद्युत, पानी, सरसफाइ महसुलः** उक्त शुल्कबाट उठेको रकमबाट विद्युत, पानी, सरसफाइ आदिको महसुल तिर्ने व्यवस्था वडाले मिलाउनेछ। रकम अपुग भएमा वडाले आवश्यक व्यवस्थापन गर्नेछ।

**(ग) सरसफाइ तथा फोहोर व्यवस्थापनः**

- नियमित सरसफाइ र फोहोर व्यवस्थापनको जिम्मा वडाको हुनेछ। वडाले आफ्नो कार्यालय सहयोगी वा सफाइ कर्मचारी मार्फत सरसफाइको व्यवस्था गर्नेछ।
- स्टल राख्ने उद्यमीले कुहिने (जैविक) र नकुहिने (प्लास्टिक, धातु) फोहोर छुट्याएर राख्नुपर्नेछ।

- हाट बजारमा प्लाष्टिकको प्रयोगलाई निरुत्साहित गरिनेछ।

**(घ) सुरक्षा व्यवस्थापनः** आगो निवारण उपकरण (फायर एक्सटिङ्गुइशर) र प्राथमिक उपचार बाकसको व्यवस्था वडा वा गाउँपालिकाको समन्वयमा गरिनेछ।

**(ङ) भवन संरक्षणः** बजार केन्द्र भवनमा कुनै परिवर्तन (भित्ता तोड्ने, प्वाल पार्ने, संरचना परिवर्तन) गर्न र क्षति पुर्याउन पाइने छैन। कुनै पनि मर्मतका लागि सञ्चालन समितिको पूर्वस्वीकृति लिनुपर्नेछ।

**(च) स्वच्छता विशेष व्यवस्थाः**

- मासुजन्य पदार्थको स्टल राख्दा सरसफाइमा विशेष ध्यान दिनुपर्नेछ र उक्त पदार्थ शीशाको सोकेस वा जालीले छोपिएको हुनुपर्नेछ।
- खानेकुराको स्टल राख्दा पनि पर्याप्त सरसफाइमा ध्यान दिनुपर्नेछ र सोकेसभित्र वा जालीले छोपिएको हुनुपर्नेछ।

**(छ) निषेधित वस्तु तथा कार्यः**

- सडेगलेको, दुर्गन्धित वस्तु बिक्री वितरण गर्न पाइने छैन।
- बजार केन्द्रभित्र मदिरा, चुरोट, सूर्तीजन्य पदार्थको प्रयोग, बिक्री वितरण तथा सेवनमा पूर्ण रूपमा निषेध गरिनेछ।
- स्थान व्यवस्थापनको कारण बजार केन्द्रमा चराचुरुंगीहरू (हाँस, कुखुरा) बाहेक ठूला पशुचौपायाहरु (गाई, भैंसी, गोरु) बेचबिखन गर्न पाइने छैन।

**(ज) सञ्चालन समयः** सञ्चालन समय सञ्चालन समितिले तोके बमोजिम हुनेछ। साधारणतः गाउँपालिकाको कार्यालय सञ्चालन समयको आधारमा हेरफेर गर्न सकिनेछ।

## परिच्छेद ४ः स्टल व्यवस्थापन र व्यवसायी छनौट

### ५. स्टल राख्ने व्यवसायी छनौट तथा व्यवस्थाः

(क) बजार केन्द्रमा स्टल राख्न इच्छुक स्थानीय उद्यमीले वडा कार्यालयमा सम्पर्क राख्नुपर्नेछ। प्राप्त निवेदन वा जानकारी अनुसार वडा कार्यालयले उपलब्धता हेरी आवश्यक स्टल उपलब्ध गराउनेछ।
(ख) स्टल एकपटक, पटकपटक वा नियमित रूपमा राख्न सकिनेछ।

(ग) स्टल राख्नुपूर्व वडामा शुल्क तिरी शुल्क वापतको रसिद अनिवार्य रूपमा लिनुपर्नेछ। उद्यमीले आफ्ना सामग्रीको आपूर्ति अनुरुप दैनिक, साप्ताहिक वा मासिक शुल्क तिर्न सक्नेछन्।

**(घ) प्राथमिकताः**

- भूकम्पले घर भत्किएका, परिवारको सदस्य गुमाएका, गम्भीर घाइते भएका, विपन्न, दलित, एकल महिला, अपांगता भएका, सीमान्तकृत समुदायलाई प्राथमिकता दिइनेछ।
- स्थानीय स्तरमा उत्पादित उत्पादन (कृषि उपज, हस्तकला, दूना—टपरी आदि) लाई विशेष प्राथमिकता दिइनेछ।
- न्यूनतम ३० प्रतिशत महिला सहभागिता सुनिश्चित गरिनेछ।

**(ङ) छुट सुविधाः**

- उपर्युक्त प्राथमिकता प्राप्त व्यक्तिहरूलाई आवश्यकता अनुसार स्टल शुल्कमा विशेष छुट दिइनेछ।
- स्थानीय स्तरमा तयार भएका हस्तकलाको हकमा गाउँपालिका वा वडाले विशेष छुट (जस्तैः निःशुल्क वा अर्ध—स्वल्प) दिनेछ।

**(च) योग्यताः** स्टल राख्ने व्यक्ति १८ वर्ष पूरा भएको हुनुपर्नेछ।

## परिच्छेद ५ः आर्थिक व्यवस्थापन, मर्मत सम्भार कोष र उपकरण संरक्षण

### ६. आर्थिक व्यवस्थापनः

(क) संकलित सम्पूर्ण शुल्क र अन्य आय (जस्तैः अनुदान, दान) को विवरण वडा कार्यालयमा राखिनेछ र वार्षिक लेखापरीक्षण गरिनेछ।

(ख) गाउँपालिकाले आवश्यकता अनुसार व्यवसाय दर्ता, कर तथा सामाजिक सुरक्षा कोषमा सहजीकरण गर्नेछ।

### ७. मर्मत सम्भार कोषः

(क) बजार केन्द्रको दिगो सञ्चालन तथा मर्मत—सम्भार सुनिश्चित गर्न "मर्मत सम्भार कोष" स्थापना गर्न सकिनेछ। यो कोष वडा वा गाउँपालिकाको अलग खातामा जम्मा गरिनेछ।

(ख) कोषमा वडा, गाउँपालिका, दातृ निकाय तथा लाभग्राही (व्यवसायी) हरूले आ—आफ्नो तर्फबाट

योगदान गर्न सक्नेछन्।

(ग) कोषको रकम बजार केन्द्रको मर्मत सम्भार, स्तरोन्नति, सरसफाइ, सुरक्षा, र आवश्यक उपकरण खरिदका लागि मात्र प्रयोग हुनेछ। कोष खर्च गर्न सञ्चालन समितिको बैठकको निर्णय अनिवार्य हुनेछ।

**८. उपकरणको संरक्षण र मर्मत सम्भारः**

(क) बजार केन्द्रमा राखिएका सम्पूर्ण सामग्री वा उपकरण (खानेपानीको धारा, पंखा, विद्युत् बल्ब, डस्टविन, फायर एक्सटिङ्गुइशर आदि) को लगत गाउँपालिकाले राख्नेछ।

(ख) उपकरणको संरक्षण गर्नु स्टल राख्ने उद्यमीको कर्तव्य हुनेछ। कार्य सञ्चालनको क्रममा उपकरणमा क्षति पुगेमा वडालाई जानकारी गराउनुपर्नेछ।

(ग) सामान्य ह्रास (Natural Wear and Tear) को मर्मत वडा वा गाउँपालिकाले गर्नेछ। लापरवाहीपूर्वक क्षति पुर्याएमा सम्बन्धित उद्यमीले मर्मत खर्चको ५० देखि १०० प्रतिशत व्यहोर्नुपर्नेछ।

## परिच्छेद ६ः अनुगमन, विवाद व्यवस्थापन र उजुरी

**९. अनुगमनः**

गाउँपालिकाको आर्थिक विकास समिति, सम्बन्धित वडा कार्यालय तथा राजस्व शाखाले आवश्यकता अनुसार बजार केन्द्रको अनुगमन गर्नेछ। सञ्चालन समितिले मासिक राजस्व र स्टल उपयोगको विवरण गाउँपालिका उद्यम शाखा र कृषि शाखामा उपलब्ध गराउनेछ।

**१०. सम्झौता रद्द र विवाद व्यवस्थापनः**

(क) लगातार १ महिनासम्म शुल्क नतिरेमा वा बिना सूचना स्टल बन्द राखेमा, सञ्चालन समितिले १५ दिने सूचना दिई स्टल अन्य योग्य व्यवसायीलाई उपलब्ध गराउन सक्नेछ।

(ख) व्यवसायीले स्वेच्छिक रूपमा बजार केन्द्र छाड्न चाहेमा १५ दिन अगाडि लिखित सूचना दिनुपर्नेछ। सबै आर्थिक दायित्व पूरा गरेपछि मात्र स्टल फिर्ता गर्नुपर्नेछ।

(ग) विवाद तथा उजुरी व्यवस्थापनः व्यवसायीबीच वा समिति र व्यवसायीबीच कुनै विवाद आएमा सञ्चालन समितिले मेलमिलाप गर्नेछ। मेलमिलाप नभएमा उजुरी गाउँपालिकाको उद्यम शाखामा पठाइनेछ र गाउँपालिकाको निर्णय अन्तिम हुनेछ।

## परिच्छेद ७ः क्षमता विकास, तालिम र बजारीकरण

**११. तालिम र क्षमता विकासः**

(क) गाउँपालिकाको आफ्नो वार्षिक स्वीकृत कार्यक्रम अनुसार बजार केन्द्रमा स्टल राख्ने उद्यमीहरूलाई समय—समयमा आवश्यकता अनुसार तालिम तथा अभिमुखीकरण (गुणस्तर नियन्त्रण, स्वच्छता, वित्तीय साक्षरता, सुरक्षा, उत्पादन प्रविधि) मा सहभागी गराइनेछ।

(ख) गाउँपालिकाले परियोजनासँग सहकार्य गरी प्रारम्भिक अभिमुखीकरण र आवधिक क्षमता अभिवृद्धि तालिम सञ्चालन गर्नेछ।

**१२. बजारीकरण सहायताः**

(क) स्थानीय उत्पादनको बजारीकरणमा गाउँपालिकाले सहयोग गर्नेछ। स्थानीय, प्रदेश, र राष्ट्रिय मेला तथा हाटबजारमा सहभागिताको लागि आवश्यक सहजीकरण गरिनेछ।

(ख) बारेकोट गाउँपालिका कार्यालयका बैठक तथा कार्यक्रमहरूमा स्थानीय रूपमा उत्पादित वस्तुहरू (मुडा , दूना—टपरी, हस्तकला, कृषि उपज) प्रयोग गर्न प्रोत्साहन गरिनेछ।

## परिच्छेद ८ः विविध

**१३. सार्वजनिक लेखापरीक्षणः**

बजार केन्द्र निर्माण सम्पन्न भएपछि गाउँपालिकाको आयोजनामा सञ्चालन समिति र वडा प्रतिनिधिको उपस्थितिमा सार्वजनिक लेखापरीक्षण गरिनेछ। त्यसपछि मात्र केन्द्र सञ्चालन समितिलाई हस्तान्तरण गरिनेछ।

**१४. स्तरोन्नति र अनुगमनः**

हस्तान्तरणपछि गाउँपालिकाले नियमित अनुगमन गर्नेछ र आवश्यकता अनुसार स्तरोन्नतिका लागि बजेटको व्यवस्था गर्नेछ। स्तरोन्नतिका लागि मर्मत सम्भार कोषमा भएको रकमले नपुगेमा सञ्चालन समितिले गाउँपालिका वा वडामा लागत साझेदारी गर्न निवेदन दिन सक्नेछ।

**१५. पुनरावलोकन र संशोधनः**

(क) यस कार्यविधिको पुनरावलोकन प्रत्येक २ वर्षमा गरिनेछ।

(ख) संशोधन बारेकोट गाउँपालिका कार्यपालिकाको निर्णयबाट गर्न सकिनेछ।

**अनुसूची**

१ हाटबजार निर्माण भएको प्राविधिक रूपरेखा